# विहादी गाउँ कार्यपालिकाको मिति २०८३ साल बैशाख ३१ गतेको निर्णय प्रमाणित

**निर्णय नं १ :** चालु आर्थिक वर्ष २०८२।०८३ मा विहादी गाउँपालिका तथा अन्तर्गतका वडा कार्यालयहरुको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत सञ्चालन हुने तथा सञ्चालन भएका योजनाहरुको प्रगतिको विषयमा छलफल तथा योजनाहरु कार्यान्वियनको समिक्षा गरियो ।

**निर्णय नं २ :** आ व २०८२।०८३ मा सञ्चालन हुने तर हालसम्म सम्झौता नभएका योजनाहरुको मिति २०८३।०२।१० गतेभित्र सम्झौता गरि निर्धारित समयभित्र काम सम्पन्न गर्ने । कार्यान्वयनमा रहेका योजनाहरुको काम तिब्र गतिमा अगाडी बढाउने तथा सम्पन्न भएका योजनाहरुको रकम भूक्तानिका लागि यथासक्य छिटो फाईल पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ :** विहादी गाउँपालिका ३ नं वडामा निर्माण सम्पन्न भएको चिस्यान केन्द्र सञ्चालनको लागि देहाय बमोजिमको चिस्यान केन्द्र सञ्चालन समिति गठन गरियो । साथै उक्त योजनाको काम सम्पन्न भएकोले चिस्यान केन्द्रको भूक्तानी बँकी शिर्षकबाट भूक्तानी दिने निर्णय गरियो ।

| | |
|---|---|
| श्री गणेश प्रसाद पराजुली | संयोजक |
| श्री गणेश शर्मा पौडेल | सदस्य |
| श्री विष्णु प्रसाद भुसाल | सदस्य |
| श्री कमला कुमारी परियार | सदस्य |
| श्री तुलसी कुमारी सुनार | सदस्य |
| ३ नं वडा रानीपानीको वडा सचिव | सदस्य सचिव |

**निर्णय नं ४ :** चालु आर्थिक वर्ष २०८२।०८३ मा निर्माण सम्पन्न भएको विहादी गाउँपालिकाको प्रथम आवधिक योजनाको निर्माण कार्य सम्पन्न भएकोले विहादी गाउँपालिकाको प्रथम आवधिक योजना (आ व २०८३।०८४ देखि २०८७।०८८) स्वीकृत गरियो । साथै आवधिक योजना निर्माण गर्न प्राविधिक सहयोग गर्ने परामर्शदातालाई सम्झौता बमोजिमको रकम भूक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ :** विहादी गाउँपालिकाको ६ नं वडा शालिग्राम स्थित सेतीवेणीमा रहेको शालिग्राम आयुर्वेद औषधालय विहादी गाउँपालिका ४ नं वडा वहाकीठाँटी स्थित वहाकीठाँटी स्वास्थ्य चौकीमा स्थानान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ :** चालु आर्थिक वर्षमा विहादी गाउँपालिकाबाट सञ्चालित खोरपोखरा उरामपोखरा सडक निर्माण ठेक्का नं BRM/PAR/W/NCB/KUR/02/082/83 को ठेक्का प्राप्त निर्माण कम्पनी सिम्रिक निर्माण सेवाले म्याथ थपको लागि कार्यालयमा निवेदन पेश गरेकोले उक्त योजनाको २०८३ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ :** आ व २०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रममा **दलित समुदाय चेतनामूलक तथा क्षमता अभिवृद्धि कार्यक्रम** शिर्षकमा विनियोजित बजेटबाट गाउँपालिका अन्तर्गतका ६ वटै वडामा सचेतनामुलक कार्यक्रम सञ्चालनको लागि विहादी गाउँ कार्यपालिकाको कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं ८ :** विहादी गाउँपालिका ५ नं वडा उरामपोखरा निवासी वेल वहादुर कामी र प्रवेश थापाको मृत्यु पश्चात पोष्माटमको लागि प्रदेश अस्पताल कुश्मा सम्म लैजादाको यातायात खर्च आवश्यक सम्पूर्ण कागजातहरुको आधारमा ५ नं वडा कार्यालयको सिफारिस बमोजिम प्रति टिप १५०००/- को दरले जम्मा रु ३००००/- भूक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ९ :** विहादी गाउँपालिकाको चालु आ व २०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रम बमोजिम उपाध्यक्षमार्फत विनियोजित **स साना योजना** शर्षकमा विनियोजित बजेटबाट **नौघरे देखि गैरेटोल जाने गोरेटो बाटो** विहादी २ बराँचौरमा रोजगार साझेदारी मार्फत कार्यान्वयन हुने गरि रु ५००००/- विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १० :** विहादी गाउँपालिकाको चालु आ व २०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रम बमोजिम उपाध्यक्षमार्फत विनियोजित **स साना योजना** शर्षकमा विनियोजित बजेटबाट **धुल्यानखेत कुलो सरसफाई** विहादी ५ उरामपोखरा शिर्षकमा रु १८०००/- विनियोजन गर्ने निर्णय गरियो ।

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति: २०८३।०२।०१